# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०७५।०९।१३ गते

# प्रेस विज्ञप्ति

### विषय: घुस रकम सहित नियन्त्रणमा लिइएको ।

-----------------------------------------------------------------

जिल्ला बर्दिया, राजापुर नगरपालिका वडा नं. १० का वडा सदस्य उत्तम चौधरीले क्रसर उद्योगको दर्ता गर्न सिफारिस तथा सहयोग गरिदिने भनी सेवाग्राहीसँग विभिन्न बहाना बनाई घुस रकम माग गरिरहेको भन्ने सूचना एवं उजुरीको आधारमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बुटवल, सम्पर्क कार्यालय नेपालगञ्जबाट खटिइ गएको टोलीले निज वडा सदस्य उत्तम चौधरीलाई रु.२,५०,०००।-(दुई लाख पचास हजार) घुसबापतको रकम लिइसकेको अवस्थामा जिल्ला बर्दिया, कोठियाघाट स्थित ईच्छा होटलबाट मिति २०७५।९।१२ गते नियन्त्रणमा लिई अनुसन्धान भइरहेको छ ।

(रामेश्वर दंगाल)
सह-सचिव एवं प्रवक्ता